(Notice no: RPLPGA 2081/082)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)
गण्डकी प्रदेश, प्रदेश कार्यालय
मालेपाटन, पोखरा कास्की

सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८१/०९/१२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार, गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना र स्थानीय तहको लागत साझेदारीमा सहुलियत शुल्कमा सञ्चालन हुने भौचर प्रणालीमा आधारित पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning-RPL) विधि अनुसार तपसिलका पेशाका इकाइगत (**Unit-Based**) सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेशी वा वैदेशिक रोजगारीबाट अनुभव प्राप्त तथा सीपयुक्त नेपाली नागरिकहरूबाट सम्बन्धित स्थानीय तहमा रहेका तपसिल बमोजिमका पेशा/व्यावसायमा फाराम भरी तोकिएका संकलन केन्द्रहरूमा आवेदन फाराम पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**तपसिलः**

**क. फाराम संकलन केन्द्रहरू**

| क्र.स. | आवेदन फाराम संकलन केन्द्रहरू | सम्पर्क |
|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्<br>गण्डकी प्रदेश, प्रदेश कार्यालय, पोखरा-५, मालेपाटन, कास्की | ९८५६०२२९४१ -जीवन भण्डारी<br>०६१ ५८२२७१ -कार्यालय |
| २. | माछापुच्छ्रे गाउँपालिका , वडा न. ४, लाहाचोक, कास्की | बिष्णु प्रसाद अधिकारी -९८६२३९४८९४<br>अनिल कार्की - ९८६०२०५९५० |
| ३. | रुपा गाउँपालिका, वडा नं. ६, भिरचोक, कास्की | बाबुराम गैरे - ९८४६१७१४६४<br>संजय दत्त ढकाल -९८४६४८१८९३ |
| ४. | गोरखा नगरपालिका, वडा नं. २, गोरखा बजार, गोरखा | चन्द्र ब. खड्का -९८५६०७५३८९<br>अर्जुन भट्ट -९८४६७२७९९१ |
| ५. | भीमसेनथापा गाउँपालिका, वडा न. ५, खान्चोक, गोरखा | यान ब. नेपाली -९८५६००४०२७<br>प्रदिप भट्ट-९८४९६७९३५२ |
| ६. | शहिद लखन गाउँपालिका, वडा न. ६, पिपलछाप घैरुंग, गोरखा | अर्पण थापा -९८६१८८६८४३<br>हुम ब. गुरुङ-९८०६५०४०११ |

| | | |
|---|---|---|
| ७. | गण्डकी गाउँपालिका, वडा न. ६, भुम्लिचोक, गोरखा | लक्ष्मण रेग्मी -९८६०१४८२५०<br>दिपा खड्का -९८६१८६३४०० |
| ८. | देवघाट गाउँपालिका, वडा नं. ५, देवघाट धाम, तनहुँ | होमनाथ लामिछाने -९८४४२०९९८९<br>संगीता तामांग -९८४२०१७०५० |
| ९. | बन्दिपुर गाउँपालिका, वडा नं. ४, बन्दीपुर, तनहुँ | रोहित थापा -९८४३२१७९३१<br>सृजना अधिकारी-९८४३०९७८८२ |
| १०. | व्यास नगरपालिका, वडा नं. ३, सफासडक दमौली, तनहुँ | केदारराज आचार्य -९८४६०५९७६९<br>राजेन्द्र कार्की -९८५६०७५६७४ |
| ११. | हुप्सेकोट गाउँपालिका, वडा नं. ४, नवलपरासी, बर्दघाट सुस्ता पूर्व | तिर्थराज रेग्मी -९८६७१६३०१०<br>तेज चन्द्र खनाल-९८५७०८७९६२ |
| १२. | फलेवास नगरपालिका, खाने गाउँ, वडा नं. ५, पर्वत | मुना शर्मा पौडेल -९८५७६५४७४८<br>लकास सुबेदी -९८४७६४५५२५ |
| १३. | जैमिनी नगरपालिका, कुश्मिसेरा, वडा नं. १, , बागलुङ | खेम प्र. आचार्य -९८५७६३०१९०<br>सुरेश पुन - ९८५७६२५१५४ |
| १४. | अन्नपूर्ण गाउँपालिका, पोखरे बगर, वडा नं ६, म्याग्दी | गणेश कटुवाल-९८५७६८३८१५<br>बिष्णु गौतम-९८४७६३८३३४ |
| १५. | बेसिशहर नगरपालिका, फुलबारी चोक, वडा नं ८, लमजुङ | मनोज थापा -९८४६७५३५१५<br>पुष्पा चौहान -९८४४३४१८१२ |
| १६. | आँधीखोला गाउँपालिका, कृषि, वडा नं ५, स्याङ्जा | लक्ष्मी शर्मा सापकोटा-९८४६०३६१४९ |
| १७. | वालिङ नगरपालिका, वडा न. ८ ,कटौजे, स्याङ्जा | पवन बश्याल -९८४१२८४९८९<br>हरि शर्मा खनाल-९८४१९८११७९ |

**ख. परीक्षण हुने व्यावसाय र तह:**

| क. स | पेशा | तह |
|---|---|---|
| १. | कन्सट्रक्सन मेसन | २ |
| २. | प्लम्बर | २ |
| ३. | वेल्डर | २ |
| ४. | विल्डिङ पेन्टर | २ |
| ५. | टाईल मार्बल फिक्सर | १ |
| ६. | मोटरसाइकल मेकानिक | २ |
| ७. | सेल/मोबाइल फोन टेक्निसियन | २ |
| ८. | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन | २ |
| ९. | रेफ्रिजेरेटर एण्ड एयरकन्डिसन मेकानिक | २ |

ग. **आवेदनको लागि न्यूनतम योग्यता:**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यावसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यावसायको ज्ञान र सीप भएका र सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,<br>वा<br>सम्बन्धित व्यावसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भएका र सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

घ. **आवेदन तथा रजिस्ट्रेसन शुल्कः रु २७० (आवेदकले व्यहोर्ने)**

ङ. **सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नु पर्ने सर्तहरूः**

१. यस सूचना तथा आवेदन फाराम सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको वेभसाइट https://mosd.gandaki.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेश कार्यालयको वेभसाइट https://ctevtgandaki.org.np बाट डाउनलोड गर्न तथा तोकिएका फाराम संकलन केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराम तोकिएको संकलन केन्द्रमा मिति २०८१/१०/१३ गते भित्र बुझाउनु पर्नेछ। आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलि पल्टसम्म बुझाउन सकिनेछ।

३. आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको समान किसिमका फोटो २ प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा/व्यावसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। १६ वर्ष उमेरपछिको अनुभवको मात्र गणना हुनेछ।

४. स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन्।

५. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशामा विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।

६. तोकिएको समयभित्र दर्ता नभएका र रीत नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन्।

७. परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट गराइनेछ। सीप परीक्षण केन्द्रबाट सहभागी स्वयं उपस्थित भई सीप परीक्षणको अघिल्लो दिनसम्म प्रवेश पत्र प्राप्त गर्न सकिनेछ। सम्पर्क मितिको भोलिपल्टदेखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ।

८. परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउनेछन्।

९. आवेदकले कुनै एक पेशामा मात्र आवेदन दिन पाउनेछन्।

१०. तहगत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाणपत्र प्राप्त गर्नेछन्।

११. सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले) उक्त अवधिभित्र अनलाइन फाराम प्रविष्ट (entry) गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, गण्डकी प्रदेश कार्यालयबाट अन्तिम रुजु भई सकेपछि प्रविष्टि बापत प्रति फाराम रु ७०/- का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने स्थानीय तह/केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई परिषद् गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि. को खाता नं. ३५००१०००००२३३००१ मा रकम जम्मा गरी सक्कल भौचरको स्क्यान कपी अपलोड गर्नुपर्नेछ।

१२. यस सूचनामा उल्लेखित पेशा/व्यावसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, गण्डकी प्रदेश, प्रदेश कार्यालयको सम्पर्क नम्बर ०६१-५८२२७१, ९८५६०२२९४१ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०६१-५९०८७५, ९८४२६४८०७९, ९८५७०३६३४८ मा सम्पर्क गर्न सकिनेछ।

निर्देशक